नेपाल सरकार

**राष्ट्रिय सतर्कता केन्द्र**

सिंहदरबार, काठमाडौं

## प्राविधिक परिक्षण तालिम संचालन सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/०४/१४)**

चालु आर्थिक वर्ष २०८३/८४ मा यस केन्द्रले आवश्यक प्राविधिक परीक्षक (Technical Auditor) तयार गर्ने उद्धेश्यका साथ संचालन गर्ने २१ (एक्काइस) दिने प्राविधिक परीक्षण सम्बन्धी तालिममा सहभागीहरू छनौटको लागि यो सुचना प्रकाशित गरिएको छ। निम्न बमोजिम योग्यता पुगेका इच्छुक इन्जिनियरहरुले सुचना प्रकाशित मितिबाट ७ (सात) दिन भित्र आवेदन दिनु हुन अनुरोध गरिन्छ।

| | | |
|---|---|---|
| १ | योग्यता तथा अनुभव | क) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको।<br>ख) इन्जिनियरिङ क्षेत्रमा कम्तिमा १० वर्ष सेवा वा व्यवसाय गरेको।<br>ग) ६० वर्ष उमेर ननाघेको र प्रचलित कानून बमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएको। |
| २ | सिट संख्या (३० जना) | १० (दश) जना सरकारी निकायमा कार्यरत इन्जिनियरहरु। |
| | | २० (बीस) जना निजी तथा गैरसरकारी निकायमा कार्यरत इन्जिनियरहरु<br>(सिभिल ईन्जिनियर-१४, इलेक्ट्रिकल ईन्जिनियर-४ र इलेक्ट्रोनिक्स/टेलिकम ईन्जिनियर-२) |

**दरखास्त दिँदा ध्यान दिनु पर्ने कुराहरू:**

क) खाम बाहिर **"प्राविधिक परीक्षण सम्बन्धी तालिमको लागि दरखास्त"** भनेर लेख्रुका साथै दरखास्तवालाको नाम, ठेगाना, इमेल र मोबाइल नं. पनि स्पष्ट उल्लेख हुनुपर्छ। आवदेक स्वयम् वा निजको प्रतिनिधि मार्फत उपस्थित भई यस केन्द्रमा हार्डकपि बुझाउनु पर्नेछ।

ख) दरखास्त साथ व्यक्तिगत विवरण (Upto date Biodata/CV), शैक्षिक उपाधि (स्नातक र सो भन्दा माथि) को प्रमाणपत्रहरुको प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

ग) कार्यरत सरकारी कर्मचारीको हकमा सम्बन्धित कार्यालयबाट मनोनयन गरिएको पत्र पेश गर्नुपर्नेछ।

घ) तालिमका लागि आवेदकको छनौट न्यूनतम योग्यता र अनुभव र विषयगत क्षेत्रको सिट संख्याको आधारमा यस केन्द्रले गर्नेछ। छनौट भएको सूचना/Mail प्राप्त भएको मितिबाट आवेदकले सात दिन भित्र तालिम शुल्क बापतको रकम रु.१०,००० (दश हजार मात्र) यस केन्द्रले तोकिएको बैंक खातामा जम्मा गरी बैंकको सक्कल भौचर पेश गर्नु पर्नेछ। तोकिएको अवधि भित्र रकम जम्मा नगरेमा निजको सट्टामा अर्को आवेदक छनोट गरिनेछ। तालिममा छनौट भई सके पश्चात कुनै कारणबश सहभागी हुन नसकेमा वा तालिम पुरा गर्न नसकेमा तालिम शुल्क फिर्ता हुने छैन।

ङ) दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

च) तालिमको सिलासिलामा TA/DA, भ्रमण खर्च, सवारी लगायतका खर्च सहभागी स्वयंमले व्यहोर्नु पर्नेछ।

छ) माथि उल्लेखित बिषयगत क्षेत्रमा तोकिएको संख्यामा आवेदन नपरेमा अन्य विषयगत क्षेत्रबाट समेत छनौट गरिने छ।

ज) आवेदन स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा रहनेछ। थप जानकारीका लागी राष्ट्रिय सतर्कता केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखामा कार्यालय समय भित्र सम्पर्क गरी वा फोन नं. ०१-४२११९४८ मा बुझ्न सकिनेछ।